**बडीमालिका नगरपालिका**

---

**स्थानीय राजपत्र**

---

**खण्डः६ संख्याः ३ मितिः२०७९माघ ९ गते, सोमवार**

**भाग २**

**बडीमालिका नरपालिकाको मिति २०७९।०९।२९ गते नगर सभाबाट स्विकृत भएको बडीमालिका नगरपालिका नगर शिक्षा नियमावली (पहिलो सँसोधन), २०७९ सार्वजनिक जानकारीको लागि देहायबमोजिम प्रकाशन गरिएको छ।**

**आज्ञाले,**

**रंगमल वि क**

**प्रमुख प्रशासकीय अधिकृत**

नगर शिक्षा नियमावली (पहिलो संसोधन) २०७९

**बडीमालिका नगरपालिका**
**नगरशिक्षा नियमावली (पहिलो संशोधन), २०७९**

बडीमालिका नगर शिक्षा नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,बडीमालिका नगर शिक्षा ऐन, २०७४ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी बडीमालिका नगर कार्यपालिकाले देहायको नियमहरु बनाएको छ।

**१)संक्षिप्त नाम र प्रारम्भः** १.१ यी नियमको नाम **"बडीमालिका नगरपालिका नगर शिक्षा नियमावली (पहिलो संशोधन),२०७९"** रहेको छ।

१.२ यो नियमावली राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

**२) नगर शिक्षा नियमावली २०७४ को नियम ३ मा संशोधनः** नगर शिक्षा नियमावली, २०७४ (यस पछी मुल नियमावली भनिएको) को नियम ३ को उपनियम १ विद्यालय भन्ने शब्द झिकी आधारभूत तथा माध्यमिक विद्यालय शब्द राखिएको र सोहि नियमको उपनियमा १ मा कम्तिमा चार महिना अगावै भन्ने वाक्यांश झिकि कम्तिमा तिन महिना भन्ने वाक्यांश राखिएको।

**३) नगर शक्षा नियमावली २०७४ को नियम १४ मा संशोधनः** बडीमालिका नगर शिक्षा नियमावली, २०७४ को नियम १४ मा नियम १३ बमोजिमको कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ भन्ने वाक्याँश झिकि सम्बन्धित विद्यालयको प्रधानाध्यापक र शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको संयुक्त दस्तखतमा कार्यालयको धरौटी खातामा गर्नुपर्नेछ भन्ने वाक्यांश राखिएको।

**४) बडीमालिका नगर शिक्षा नियमावली, २०७४ को नियम २६ मा संशोधनः**

४. १ बडीमालिका नगर शिक्षा नियमावली, २०७४ को नियम २६ को उपनियम १ बमोजिम सामुदायिक विद्यालय व्यवस्थापन समितिको संरचनामा परिवर्तन गरी देहायबमोजिमको विद्यालय व्यवस्थापन समिति गठन गरिनेछ।

(क) अभिभावकले आफुमध्येवाट छानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडा अध्यक्ष वा वडा समितिले मनोनयन गरेको वडा सदस्य - सदस्य

(ग) सम्बन्धित वडाका विद्यालयका संस्थापन चन्दादाता बुद्धिजीवि विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा सो दश लाखा भन्दा बढी नगद वा जिन्सी सहयोग गर्ने व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना - सदस्य

(घ) विद्यालयका शिक्षक मध्येवाट १ जना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

४.२ सम्पुर्ण विद्यालयलका विद्यालय व्यवस्थापन समितिको बैठकमा दुई जना उच्च कक्षाका छात्र छात्रा लाइ अनिवार्य तथा नगरपालिका शिक्षा युवा तथा खेलकूद शाखाको प्रमुखलाई प्रतिनिधिको रुपमा आमन्त्रण गर्न सकिनेछ।

साथै उपनियम १ मा देहायको विषय समेत थप गरिएको छ।

१) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन तथा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग वाणिज्य महासंघ जिल्ला स्तरका दुई जना सदस्य रहनेछन्।

नगर शिक्षा नियमावली (पहिलो संसोधन) २०७९

२) (क) विद्यालय व्यवस्थापन सदस्यहरुले उपदफा १ को क_, ख_, ग_ बाट छानिएका सदस्यहरुमध्येवाट विद्यालयको अध्यक्ष मनोनित गर्दा प्रक्रिया प्रारम्भ भएको मितिदेखि ३५ दिनसम्म सहमति हुन नसकेको अवस्थामा वडा समितिले तोक्न सक्नेछ

(ख) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको अध्यक्षता जेष्ठ सदस्यले गर्ने छ।

(ग) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय व्यवस्थापन समितिमा कम्तिमा एक जना अपाङ्ग भएको व्यक्ति सदस्य रहनेछ।

४.३ बडीमालिका नगर शिक्षा नियमावली २०७४ को नियम २६ को उपनियम १ मा संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठनको सम्बन्धमा देहायको व्यवस्था थप गरिएको छ।

(१) संस्थागत विद्यालयको संचालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायको विद्यालय व्यवस्थापन समिति रहनेछ

(क) विद्यालयको संस्थापक वा लगानिकर्ता मध्येबाट विद्यालयको सिफारिसमा शिक्षा शाखा प्रमुखले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट एक जना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमि वा समाजसेवीहरुमध्येबाट नगरपालिकाले मनोनित गरेको एक जना - सदस्य

(घ) नगरपालिकाको शिक्षा याव तथा खेलकुद शाखाको प्रतिनिधि - सदस्य

(ङ_) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूमध्येबाट छानी पठाएका एक जना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ।

**५) नगर शिक्षा नियमावली २०७४ को नियम २६ को उपनियम ५ मा संशोधनः** बडीमालिका नगर शिक्षा नियमावली, २०७४ को नियम २६ को उपनियम ५ मा व्यवस्था गरिएको विषय हटाइएको छ।

**६) नगर शिक्षा नियमावली २०७४ को नियम २७ को उपनियम २ मा संशोधनः** नगर शिक्षा नियमावली २०७४ को नियम २७ को उपनियम २ मा रहेको स्रोत व्यक्ति भन्ने शब्द झिकिएको छ। साथै सोहि नियममा चार सदस्यीय छनौट सहयोग सिमितिको सट्टा तिन सदस्यीय छनौट सहयोग समितिको व्यवस्था गरिएको।

**७) नगर शिक्षा नियमावली २०७४ को नियम २९ मा संशोधनः** नगर शिक्षा नियमावली २०७४ को नियम २९ (ङ) हटाइएको छ।

**८) नगर शिक्षा नियमावली २०७४ को नियम ५५ मा संशोधनः** बडामालिका नगर शिक्षा नियमावली २०७४ को नियम ५५ को उपनियम ४ मा व्यवस्था भएको सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि नगरपालिकाले निश्चित समयका लागि नगर शिक्षक (स्वयम् सेवक शिक्षक) को व्यवस्था गर्न सक्नेछ भन्ने वाक्यांश हटाइ सामुदायिक विद्यालयको गुणस्तर सुधारको लागि नगरपालिकाले निश्चित समयका लागि सिकाइ सहजीकरण गर्न विद्यालयलाइ एकमुष्ट अनुदानको व्यवस्थापन गर्न सक्नेछ । सोहि उपनियमा नगरशिक्षक व्यवस्थापन गर्दा छुट्टै नगर शिक्षक व्यवस्थापन कार्यविधि तय गरि गर्नुपर्नेछ भन्ने वाक्यांश झिकी एकमुष्ट अनुदानमा नगर शिक्षक व्यवस्थापन गर्दा विद्यालयलाई एकमुष्ट अनुदान व्यवस्थापन कार्यविधि तर्जुमा गरि कार्यान्वयन गरिनेछ भन्ने वाक्यांश थप गरिएको छ।

नगर शिक्षा नियमावली (पहिलो संसोधन) २०७९